चैनपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

चैनपुर

१ नं. प्रदेश, संखुवासभा नेपाल

# चैनपुर नगरपालिकाको विनियोजन ऐन - २०७५

२०७५ सालको ऐन नं २

चैनपुर नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको आर्थिक ऐन - २०७५

# २०७५ सालको ऐन नं २

# चैनपुर नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक – २०७५

**नगर सभाबाट पारित मिति : २०७५।०३।३२**
**प्रमाणिकरण भएको मिति : २०७५।०४।०१**

**प्रस्तावना**

चैनपुर नगरपालिकाको आर्थिक बर्ष २०७५।७६ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी, चैनपुर नगरसभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी यो ऐन बनाई लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम “चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “ऐन” भन्नाले चैनपुर नगरपालिकाको विनियोजन ऐन, २०७५ सम्झनुपर्छ।

(ख) “कार्यपालिका” भन्नाले चैनपुर नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) “नगरपालिका” भन्नाले चैनपुर नगरपालिका सम्झनुपर्छ।

(घ) “सभा” भन्नाले चैनपुर नगरपालिकाको सभा सम्झनुपर्छ।

(ङ)“संविधान” भन्नाले नेपालको संविधान २०७२ सम्झनुपर्छ।

**२. आर्थिक वर्ष २०७५/०७६ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः**

आर्थिक बर्ष २०७५/०७६ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च, सामाजिक सुरक्षा भत्ता र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५०,१०,१०,०००। (अक्षेरेपी पचास करोड दश लाख दश हजारमात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१)यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त चैनपुर नगरपालिको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

(३) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(४)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ । यदि खर्च गर्नु अघि स्वीकृति लिन सम्भव नभएमा खर्च भएपछि समर्थनको लागि सभामा पेश गर्नु पर्नेछ ।

## अनुसूची-१ (दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९(२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम रु. ५०,१०,१० हजार ।**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | बित्तीय समानीकरण | २२६११ | ६,१७,२० | ९,२५,८० | १५,४३,०० |
| २ | सशर्त अनुदान | २२६१२ | १७,१७,०० | | १७,१७,०० |
| ३ | राजश्व बाँडफाट | | २,८९,२४ | ४,३३,८६ | ७,२३,१० |
| ४ | आन्तरिक आय | | ५०,८० | ७६,२० | १,२७,०० |
| ५ | सामाजिक सुरक्षा | | ५,००,०० | | ५,००,०० |
| ६ | आन्तरिक बचत | | १,६०,०० | २,४०,०० | ४,००,०० |
| | **जम्मा** | | **३३,३४,२४** | **१६,७५,८६** | **५०,१०,१०** |

१. चैनपुर नगर कार्यपालिका रु.२२,५०,१०,०००।

२. वडा समिति तर्फ रु.६,३३,००,०००।

३ बिषयगत शाखा तर्फ रु.२१,१७,००,०००।

४ ऋणको सावा व्याज भुक्तानी रु.००

५ लगानी (शेयर/ऋण) रु.००